**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**नापी विभाग**

## पूराना जिन्सी मालसामानहरु लिलाम बिक्रिको लागि वोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८।०३।१५

नापी विभाग तथा अन्तर्गत महाशाखाहरुमा रहेका तपशिल वमोजिमका पूराना जिन्सी सामानहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा वोलपत्रको माध्यमबाट लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्म, व्यक्ति वा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी वोलपत्र आव्हान गरिन्छ ।

१. इच्छुक वोलपत्रदाताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं (मिति २०७८।०३।२९ गते) दिनको कार्यालय समय भित्र राष्ट्रिय बाणिज्य बैंक, नयाँ बानेश्वर राजश्व खाता नं. १०००२०००१००००, कार्यालय कोर्ड ३३६०२३५०१, राजश्व शिर्षक १४२२९ मा रु १,०००।- फिर्ता नहुने गरी जम्मा गरेको भौचर वा विभागमा नगदै जम्मा गरी, अध्यावधिक फर्म/ कम्पनी दर्ता प्रमाण पत्र, कर दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गरी यस विभागबाट वोलपत्र फारम खरिद गर्न सकिनेछ ।
२. खरिद गरिएका वोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं (मिति २०७८।०३।३० गते) दिंनको १२.०० वजे भित्र यस कार्यालयमा दाखिला गर्नुपर्नेछ । यसरी म्याद भित्र दाखिला भएका वोलपत्रहरु सोही दिनको १.०० वजे वोलपत्रदाताहरु वा निजहरुको प्रतिनिधीहरुको उपस्थितमा यस कार्यालयमा खोलिनेछ । वोलपत्रदाता उपस्थित नभएमा पनि वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. वोलपत्र खरिद एवं दाखिला गर्ने अन्तिम दिन वा खोल्ने दिन विदा परेमा सोको लगतै कार्यालय खुलेको दिन उक्त कार्य हुनेछ ।
४. वोलपत्रसाथ वोलपत्रदाताले आफूले कवोल गरेको रकमको १०% का दरले हुन आउने एकमुष्ट रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, बबरमहल, काठमाण्डौको धरौटी खाता नं. १२०१२००००१००२५२४ र कार्यालय कोर्ड ३३६०२३५०१ मा रकम जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त वैंकबाट यस विभागको नाममा जारी कम्तिमा ३ महिना म्याद भएको वैंक जमानत संलग्न हुनु पर्नेछ ।
५. वोलपत्र साथ अध्यावधिक फर्म, कम्पनी दर्ता प्रमाणपत्र, कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रका प्रतिलिपी अनिवार्य रुपमा संलग्न गरेको हुनुपर्नेछ ।व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
६. रित नपुगेको म्याद नाघि आएको तथा न्यूनतम मूल्य भन्दा घटी अंकित भएको वा शर्त सहितको वोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय नापी विभाग

७. लिलाम सम्बन्धी वोलपत्र स्वीकृत भएको मितिले १५ दिन भित्र कवोल गरेको बाँकी रकम जम्मा गरी सामान उठाई लैजानु पर्नेछ । अन्यथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ अनुरुप प्रकृया अगाडी बढाइने छ ।

८. वोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने वा सूचना रद्ध गर्ने अधिकार यस विभागमा निहित रहनेछ ।

९. लिलाम गर्ने सम्पूर्ण सामानहरुको न्युनतम मूल्य रु ३,७४,८८९।- (मूल्य अभिवृद्ध कर बाहेक) कायम गरिएको छ ।

१०. सम्बन्धित इच्छुक व्यक्तिले लिलाम हुने वस्तु हेर्न चाहेमा तथा विस्तृत जानकारीका लागि यस विभागको स्टोर शाखामा सम्पर्क राख्नु होला ।

११. यस सूचनामा उल्लेख नभएका कुराहरु आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७ तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

१२. सूचना सम्बन्धी विभिन्न विवरण विभागको **Website info@dos.gov.np** मा हेर्न सकिनेछ ।